नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २०५

मितिः २०८२/१०/२७

नेपाल संवत् ११४६

विषयः खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन अवस्था र पुनरावलोकन सम्बन्धी अध्ययन सम्बन्धमा।

श्री गाउँपालिका (सबै)।
श्री नगरपालिका (सबै)।

राष्ट्रिय मानव अधिकार आयोगको च.नं. LAD/१००८, मिति २०८२/१०/२१ को "खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५ को कार्यान्वयन अवस्था र पुनरावलोकन सम्बन्धी " पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

<u>बोधार्थः-</u>
श्री राष्ट्रिय मानव अधिकार आयोग, पुल्चोक, ललितपुर।
श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।


सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४
ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईटः- www.mofaga.gov.np

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)

(कानून महाशाखा)

च.नं.: LAD/१००८

मिति : २०८२/१०/२१
ने.सं.: ११४६ सिल्लागा तृतीया १८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

**विषय : आवश्यक समन्वयको लागि अनुरोध गरिएको सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा यस आयोगले संवैधानिक तथा कानूनी कार्यादेश बमोजिम मौलिक हक कार्यान्वय गर्ने सम्बन्धमा जारी भएको "खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५" को कार्यान्वयन अवस्था र पुनरावलोकन सम्बन्धमा एक अध्ययन गरिरहेको व्यहोरा तहाँ मन्त्रालयको जानकारीको लागि सादर अनुरोध छ । सो ऐनले संघ, प्रदेश र स्थानीय तहलाई ऐनको कार्यान्वयन गर्न एकल र तीनै तहले आपसी समञ्वय र सहकार्यमा सम्पन्न गर्ने जिम्मेवारी समेत निर्धारण गरेको छ ।

उल्लिखित सन्दर्भमा सो ऐन कार्यान्वयनको लागि स्थानीय तहले एकल र समन्वयमा सम्पन्न गरेका गतिविधिको बारेमा समेत जानकारी आवश्यक भएको हुँदा तपसीलमा उल्लेख भएबमोजिमका दफाहरूको कार्यान्वयन बारेमा यस आयोगलाई यथाशीघ्र विवरण सहितको जानकारी गराउन सबै स्थानीय तहहरूलाई तहाँ मन्त्रालयबाट आवश्यक समन्वय गरी सदा झैं आवश्यक सहयोग गरिदिनहुन राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा २१(१) बमोजिम अनुरोध गरिन्छ ।

**तपसील**

**स्थानीय तहको एकल दायित्व**

- दफा ५: लक्षित घरपरिवारको पहिचान गरी अभिलेख राखे र समयसमयमा अद्यावधिक गर्ने।
- दफा ६ : लक्षित घरपरिवारको विवरणको आधारमा परिचयपत्र वितरण गर्ने ।
- दफा ७ : लक्षित घरपरिबार तथा खाद्य संकटग्रस्त क्षेत्रका बासिन्दालाई निःशुल्क तथा सहुलियत मुल्यमा खाद्य सहायता उपलब्ध गराउने ।
- दफा १४(२): संघको वर्गीकरणको आधारमा किसान परिचयपत्र जारी गर्ने ।
- दफा १७ : कृषियोग्य भूमिको पहिचान, लगत तथा अभिलेख तयार गरी बाँझो भूमिको प्रभावकारी व्यवस्थापन गर्ने ।
- दफा २२ : प्रत्येक वर्ष खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- दफा ३६ : स्थानीय खाद्य समन्वय समितिको गठन, कार्य, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था निर्धारण गर्ने ।

**संघ, प्रदेश र स्थानीय तहको समन्वयमा हुनुपर्ने कार्यहरू**

- दफा ३(२): खाद्य अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि आवश्यक व्यवस्था मिलाउने ।
- दफा ४: भोकमरीको रोकथाम र नियन्त्रणका लागि समन्वयमा काम गर्ने ।
- दफा ७(१): लक्षित परिवारलाई सहुलियत मूल्यमा तथा निःशुल्क खाद्य सहायता उपलब्ध गराउने ।

- दफा ७(४) : आवश्यकता, सन्दर्भ, उपलब्धता र सांस्कृतिक स्वीकृतिअनुरूप खाद्य सहायताको स्वरूप तथा परिणामको समयसमयमा पुनरावलोकन गर्ने ।
- दफा ९(१) : खाद्य तथा पोषण सुरक्षामा पर्नसक्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न तथा आपतकालीन अवस्थामा खाद्य उपलब्ध गराउन आवश्यक उपाय अवलम्बन गर्ने ।
- दफा ९(२) : खाद्य भण्डारण सुविधाको विस्तार तथा आधुनिकीकरण गरी पोषण आवश्यकताहरू पूरा गर्न चाहिने खाद्य सञ्चित गर्ने ।
- दफा १३ : कृषि पेशाको संरक्षण गरी किसानको जीवनस्तर प्रवर्द्धन गर्न उपाय अवलम्बन गर्ने ।
- दफा १५ : कृषि योग्य भूमिको संरक्षण तथा दिगो उपयोगको व्यवस्था मिलाउने ।
- दफा १६ : स्थानीय कृषि बाली तथा पशुजन्य उत्पादनको प्रवर्द्धन गर्न उपाय अवलम्बन गर्ने ।
- दफा १८ : दलित, लोपोन्मुख, आदिवासी, किसान वा भूमिहीन किसानको हकहितको संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रम बनाई लागू गर्ने ।
- दफा २४ : खाद्य अधिकारसँग सम्बन्धित सूचना तथा शिक्षामूलक जानकारी प्रवाह गर्ने ।
- दफा २५ : कृषिको दिगो विकास, खाद्य उत्पादनको अभिवृद्धि वा खाद्य तथा पोषण सुरक्षाको प्रवर्द्धन गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकासको व्यवस्था मिलाउने ।
- दफा ३०(१) : सुपथ मुल्यका पसल वा सार्वजनिक खाद्य वितरण केन्द्रमार्फत खाद्य वितरणको व्यवस्था मिलाउने ।
- दफा ३१(१) : सहायताका रूपमा वितरण हुने खाद्यका विवरणहरू अद्यावधिक गरी सार्वजनिक गर्ने ।

बोधार्थ

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कानून तथा मानव अधिकार क्षेत्र
सिंहदरबार, काठमाडौं ।

सबै प्रदेश तथा प्रदेश शाखा कार्यालयहरू
राष्ट्रिय मानव अधिकार आयोग ।

**बोधार्थ तथा कार्यार्थ**

नेपाल नगरपालिका महासंघ
लाजिम्पाट, काठमाडौं ।
गाउँपालिका राष्ट्रिय महासंघ
अनामनगर, काठमाडौं ।

...................
(सुदिसी सुवेदी)
मानव अधिकार अधिकृत